गेरुवा गाउँपालिकाद्वारा आर्थिक बर्ष २०७९/०८० को पहिलो संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन




**आयोजक**
**गेरुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशुपतिनगर, बर्दिया**

**सहजिकरण**
**गेरुवा मल्टिमिडिया एण्ड रिसर्च प्रा.लि.**
**गेरुवा ५, बर्दिया**

## गेरुवा गाउँपालिकाद्धारा आ.व २०७९/०८० मा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइ
## संक्षिप्त प्रतिवेदन-२०८०

### १.कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । गेरुवा गाउँपालिकामा २०८० बैशाख १६ गते शनिवारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

### २. कार्यक्रमको उद्देश्य

- गेरुवा गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

### ३. कार्यक्रमको संक्षिप्त जानकारी

सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्तिको
नाम : पुष्कर काफ्ले
ठेगाना : अध्यक्ष, गेरुवा मल्टिमिडिया एण्ड रिसर्च प्रा.लि.

**सार्वजनिक सुनुवाईको विषय :** गेरुवा गाउँपालिकाद्वारा आ.व २०७९/०८० मा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता कार्यक्रम
आयोजक : गेरुवा गाउँपालिका, बर्दिया
**कार्यक्रम विवरण मिति :** १६ बैशाख २०८० (शनिवार)
स्थान : गेरुवा गाउँपालिकाको सभाहल
समय : दिनको १२:१५ वजेदेखि ४ :३० बजेसम्म (४ घण्टा १५ मिनेट)

**४. जवाफदेही वक्ताहरु**

- गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह केसी
- गेरुवा गाउँपालिकाका उपाध्यक्ष श्री लक्ष्मी कुमारी चौधरी
- गेरुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बस बहादुर राना
- गेरुवा गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष श्री कर्म प्रसाद चौधरी
- गेरुवा गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष श्री कृष्ण थारु
- गेरुवा गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री निर्मल चौधरी
- गेरुवा गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री महेन्द्र प्रसाद चौधरी
- गेरुवा गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री धर्म प्रकाश चौधरी
- गेरुवा गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री कृष्ण गोपाल चौधरी

**शाखा प्रमुखहरु**

- शिक्षा शाखा प्रमुख श्री नवराज अधिकारी
- स्वास्थ्य शाखा प्रमुख श्री नारायण भण्डारी
- प्राविधिक शाखा प्रमुख श्री टंक रोकाया
- कृषि शाखा प्रमुख श्री दिनेश दुनाबठुवा
- पशु शाखा प्रमुख श्री उमेश चौधरी

५. अतिथि तथा संचारकर्मीहरु

- नेपाली कांग्रेस गेरुवाका सभापति श्री प्रेम बहादुर रावल
- नेकपा एमाले गेरुवाका इन्चार्ज श्री भरत धामी
- नेकपा माओवादी केन्द्र गेरुवाका अध्यक्ष दयाराम वैद्य
- राष्ट्रिय स्वतन्त्र पार्टी गेरुवाका अध्यक्ष डिल्ली शर्मा
- नेकपा एकिकृत समाजवादी गेरुवाका अध्यक्ष छल्लुराम थारु
- नागरिक उन्मूक्ति पार्टीका लुम्बिनी प्रदेश कमिटी सदस्य मोहन डिसी
- नेपाल रेडक्रस सोसाईटी गेरुवा उपशाखाका सभापति नरेन्द्र प्रसाद पाण्डे
- नेपाल शिक्षक महासंघ गेरुवाका अध्यक्ष नारायण पौडेल
- ग्यालेक्सी फोरके टेलिभिजनका बर्दिया संवाददाता ऋषि वाग्ले
- कृष्णसार अनलाईनका संवाददाता राज बहादुर क्षेत्री
- प्रहरी चौकी पथरैयाका प्रमुख भरत बहादुर सारु

**६. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण**

| दलित | | जनजाति | | ब्रामण, क्षेत्री, नेवार | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| | | | | | | | | |

(सहभागिहरुको विस्तृत विवरण अनुसुचिमा राखिएको छ ।)

**७. संचालन प्रकृया**

**प्रारम्भिक चरण**

(क) समन्वयात्मक बैठक गेरुवा गाउँपालिकाद्धारा आ.व २०७९/०८० मा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गेरुवापालिकाका अध्यक्ष श्री जमान सिंह केसी, उपाध्यक्ष श्री लक्ष्मी कुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत श्री बस बहादुर राना लगायतको भेटघाट गरी समन्वयात्मक

छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती भएको थियो । २०८० बैशाख १६ गते शनिवार गेरुवा गाउँपालिकाको सभाहलमा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरिएको थियो ।

**(ख) सहजकर्ताको छनौट तथा समन्वय**

गेरुवा गाउँपालिकाले सहजीकरणको सम्पूर्ण जिम्मेवारी गेरुवा मल्टिमिडिया एण्ड रिसर्च प्रा.लि. लाई दिएको थियो । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु एवं संचारमाध्यमहरुसँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

**(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन**

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् । सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो ।

**(घ) बहिर्गमन अभिमत संचालन**

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन बहिर्गमन अभिमत वा नागरिक प्रतिवेदन पत्र अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । तर रामेछाप नगरपालिकाले बहिर्गमन अभिमत ,नागरिक प्रतिवेदन पत्र वा कुनै नागरिकको मत लिने कार्यहरु संचालन गरेको थिएन ।

**(ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार**

गेरुवा गाउँपालिकाद्धारा आ.व २०७९/०८० मा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले केही एफ.एम. मार्फत ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रशारण गरिएको थियो । त्यस्तै वडा कार्यालयहरु तथा जिल्लाका सरकारी कार्यालयहरुका प्रमुखहरु, नेपाल पत्रकार महासंघ जिल्ला शाखा बर्दिया तथा पत्रकारहरुको सहभागीता सुनिश्चितकाको लागि खबर गर्ने कार्य गरिएको थियो । सार्वजनिक सुनुवाईलाई गेरुवा अपडेट अनलाईनमा समेत सूचना राखिएको थियो ।

## कार्यान्वयन चरण

गेरुवा गाउँपालिकाको कार्यालय पशुपतिनगरको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको

थियो । गेरुवा मल्टिमिडिया एण्ड रिसर्च प्रा.लि. का अध्यक्ष एवं सहजकर्ता श्री पुष्कर काफ्लेले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो । त्यसपछि सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्य सहित स्वागत मनतव्य गेरुवा गाउँपालिकाका उपाध्यक्ष श्री लक्ष्मी कुमारी चौधरीले राख्नुभएको थियो । सार्वजनिक सुनुवाईमा गेरुवा गाउँपालिकाका वडा अध्यक्षहरुलाई निर्वाचित भएदेखि गरेका उल्लेखनीय ३ वटा कामहरु तथा चाहँदा चाहँदै गर्न नसकेको ३ वटा कामहरु बारेमा बताउन लगाइएको थियो । वडाअध्यक्षहरुले प्रस्तुतीकरणमा वडा कार्यालबाट सहज रुपमा सेवा दिएको, सडक, शिक्षा, स्वास्थ्य लगाएका क्षेत्रहरुमा प्रभावकारी रुपमा गरेको बताएका थिए । त्यसपछि नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो । त्यसैगरि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रानाले आ.व. २०७९/०८० मा गाउँपालिकामा भएको आय, ब्याय तथा समग्र प्रगतीको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा गाउँपालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको गेरुवा गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत सहित सरोकारवाला र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो । त्यसपछि विभिन्न राजनैतिक दलले सार्वजनिक सुनुवाईको प्रभावकारीताको विषयमा धारणा राख्नु भएको थियो । सार्वजनिक सुनुवाई उठेका सबालहरु सम्बोधन सहित सबैलाई धन्यवाद दिँदै गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह केसीले समापन गर्नु भएको थियो ।

### ८) कार्यक्रममा भएका सवाल जवाफहरु

सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन्

| क्र.सं. | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्नहरु | जबाफदेही बक्ता | जवाफ |
|---|---|---|---|---|
| १ | सुरज बहादुर शाही<br>गेरुवा ५, बर्दिया | गेरुवा गाउँपालिकाले युवा लक्षीत कार्यक्रमहरु किन ल्याउन सकेको छैन ? | जमान सिंह केसी<br>अध्यक्ष | गेरुवा गाउँपालिकाले युवा लक्षित कार्यक्रम नल्याएको भने होइन । सिमित बजेट भएकोले सबै बजेट युवा लक्षित कार्यक्रममा राख्न सकिदैन । पालिकाले अन्य क्षेत्रमा पनि विकास गर्नुपर्ने भएकोले खेलकुद, विभिन्न तामिहरु संचालन गरेको छ र गर्दै जाने छ । |
| २. | भरत बहादुर थारु<br>गेरुवा २, बर्दिया | गेरुवा गाउँपालिका वडा नं. २ स्थित पाताभार स्कुल नजिकमा रहेको स्वास्थ्य भवन किन संचालनमा आएको छैन ? | जमान सिंह केसी<br>अध्यक्ष | गेरुवा गाउँपालिका २ स्थित रहेको स्वास्थ्य भवनको तयारी अझै पुरा भएको छैन । पर्खाल लगायतका कामहरु निर्माणाधिन अवस्थामा रहेका छन । निर्माण कार्य सम्पन्न भए लगत्तै सञ्चानमा आउने छ । |
| ३. | राजकुमार चौधरी<br>गेरुवा ३ | शान्तिबजार देखि खुटेना जाने सडक अर्न्तरगत लाहौरपुरमा पुल निर्माण कार्यमा ढिलाई किन | बस बहादुर राना<br>प्रमुख प्रशासकीय | हमाल विल्डर्सले निर्माण कार्यको जिम्मा लिएको उक्त पुल निर्माण कार्य पालिकाले पटक पटक ताकेता गर्दा |

| | | | | |
|---|---|---|---|---|
| | | भएको छ ? | अधिकत | समेत निर्माण कम्पनीले बेवास्ता गर्दा काम हुन सकेको छैन । पालिकाले फोन, इमेल, पत्राचार गर्दा समेत निर्माण कम्पनी सम्पर्कमा आएको छैन । पछिल्लो जानकारी अनुसार १ हप्ता भित्र बाँकी अधुरो काम अगाडी बढाउने खबर पाएका छौँ । |
| ४. | पनिमल विक<br>गेरुवा ५ | गेरुवा ५ सुखाडमा विद्युतको थ्रि फेस तार धेरै तल भएकोले जोखिम बढेको छ ? पटक पटक जानकारी गराएतापनि पालिकाले बेवास्ता किन गरेको ? | जमान सिंह केसी<br>अध्यक्ष | यो काम राजापुर विद्युत को हो । हामीले समन्वय गर्ने काम हो । हामीले पटक पटक भनेका छौँ उहाँहरुले फलानो दिन आउछौ भनेपनि आउनुभएको छैन । वडाका जिम्मेवार व्यक्तिहरु र म आफु पनि चाडै विद्युत कार्यालयमा गएर यो समस्या तत्काल समाधान गर्न अनुरोध गर्नेछौं । |
| ५. | मानबहादुर दानी<br>गेरुवा ४ | गेरुवा गाउँपालिकामा अधिकांश सर्वसाधारण कृषिमा निर्भर छन । तर किसानले मल, विउ, विजनको समस्या कहिलेसम्म झेल्ने ? | दिनेश दुनावठुवा<br>कृषि शाखा प्रमुख | मलको समस्या गेरुवा गाउँपालिकामा मात्र नभएर यो देशकै समस्या हो । यो भनेर पालिका पन्छिने कुरा भएन हामीले विभिन्न सहकारीहरु सँग समन्वय गरेर मल भित्राएका छौँ । आगामी दिनमा अझै पालिकामा कसरी मल भित्राउन सकिन्छ हामी यो विषयमा गम्भिर छौँ । बिउ, विजन पालिकाले वितरण गरिनै रहेको छ । |
| ६. | होटुराम थारु<br>गेरुवा २ | गेरुवामा जंगली जनावरको आतंक बढी छ ? यो रोकथामको लागि पालिकाले के गरिरहेको छ ? | जमान सिंह केसी<br>अध्यक्ष | गेरुवा गाउँपालिले जंगली जनावरलाई रोक्न इलेक्ट्रिक वायर निर्माण गरेको थियो । त्यो खासै सफल हुन नसकेपछि हामीले अहिले मेस वायरको काम करिब अन्तिम चरणमा पुगेको छ । मेस वायरले ठुला जनावरलाई रोक्न नसकेपनि साना जनावरलाई भने रोकेको छ । पछिल्लो समय जंगली |

| | | | | |
|---|---|---|---|---|
| | | | | जनावरबाट हुने घटनाहरु न्यूनिकरण भएका छन । |
| ७. | गोविन्द प्रसाद कोइराला गेरुवा २ | गेरुवामा बाढीको उच्च जोखिम छ । बर्षेनी बाढीबाट गेरुवाबासी पीडित हुनुपर्ने अवस्था छ । कर्णाली नदिमा पानीको सहत कम भएको बेला तटबन्धको कामले गति लिनुपर्ने हो तर गेरुवा २ राजिपुर स्थित तटबन्धको काम बिचमा रोकिएको छ किन ? | जमान सिंह केसी अध्यक्ष | तटबन्धको काम कर्णाली नदि नियन्त्रण परियोजनाको हो । यो भन्दैमा पालिका पन्छिने कुरा पनि हुँदैन हामीले यो खबर प्राप्त गरेसँगै सम्बन्धित निकायसँग यसको बारेमा कुराकानी गरेका छौं । पत्राचार समेत गरेका छौं । रोकिएको कामले अब चाडै गति लिने कुरामा हामी विश्वस्त छौं । वडाका जनप्रतिनिधीहरुले पनि यसमा अनुगमन गरेर यसको बस्तुस्थिति जानकारी गराएका थिए । |
| ८. | मंगल थारु गेरुवा ४ | किसानलाई कृषि उपकरणहरु (पावल टेलर) वितरण किन रोकिएको छ ? | जमान सिंह केसी अध्यक्ष | प्रदेशको मुख्य मन्त्री ग्रामिण कार्यक्रम अर्न्तरगत कृषिमा लगानी भएको थियो । त्यो बेला कृषि उपकरणहरु किसानलाई वितरण गरेका थियौं । त्यो कार्यक्रम अहिले अनेत्र गएकोले हामीलाई थोरै समस्या भएको छ । तर पालिकाको बजेटले भ्याएसम्म कृषिमा पालिकाले लगानी गर्ने सबैलाई अवगत गराउन चाहान्छु । |
| नोटः गेरुवा गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्षहरुलाई कुनै प्रश्नहरु आएका थिएनन । | | | | |

## ९. सार्वजनिक प्रतिवद्धता

सार्वजनिक सुनवाइमा कुनै सार्वजनिक प्रतिवद्धताहरु भएनन् ।

## १०.कार्यक्रमको सवल पक्षहरु

- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी लगायतको सहभागीतामा कार्यक्रम संचालन गरिएको ।
- गेरुवा गाउँपालिकाको भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।

- ❖ सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको ।
- ❖ स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- ❖ जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- ❖ नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको संचारमाध्यममा प्रचार गरिएको थियो ।
- ❖ गेरुवाका ६ वटै वडाका सम्पूर्ण बडघरहरुलाई खबर गरिएको थियो ।

## १२. सुधार गर्नुपर्ने पक्षहरु

- ❖ सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न नागरिक प्रतिवेदन पत्र वा बहिर्गमन अभिमत वा नागरिक अभिमत समेत संकलन गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरे अझै प्रभावकारिता बढ्ने ।
- ❖ समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रशारमा ध्यान दिनु पर्ने ।
- ❖ वडा अध्यक्ष सहित पालिकाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- ❖ पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।
- ❖ वडा स्तरमा समेत सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।

## १३.समस्याहरु

- ❖ नागरिक प्रतिवेदन पत्र वा नागरिक अभिमत संचालन गर्न नसक्नु ।
- ❖ सबै जनप्रतिनिधिहरु सहभागी नभएका ।
- ❖ निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु गर्न नसकिएको ।
- ❖ गाउँपालिकाको सभाहलमा कार्यक्रम भएकोले सबैले देख्ने ठाउँमा नभएकोले अलि कम सहभागिता ।
- ❖ जवाफदेहि वक्ता तथा अतिथिहरु भएकोले कार्यक्रम लामो समयसम्म संचालन हुँदा टाढा जानुपर्ने सहभागीहरु बीचमै कार्यक्रम छोडेर जानुपर्ने समस्या ।

## १४.निष्कर्ष

गेरुवा गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । गेरुवा गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले कृषि क्षेत्रलाई प्राथमिकता दिनुपर्ने, खानेपानीको समस्या, सडक निर्माण लगाएतका विषयमा प्रश्न तथा सुझाव दिएका थिए । पालिका स्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए । कार्यविधिले व्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । पालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहितको सहभागीता रहेपछि पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । जिम्मेवार प्रतिनिधि सहित संचारमाध्यमहरुलाई समेत पालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक नियमित गर्न सके सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।


***समाप्त***

अनुसूचि-१

**तस्वीरमा सार्वजनिक सुनुवाई**













अनुसुची-२

## सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन तालिका

गेरुवा गाउँपालिकाद्धारा आ.व.२०७९/०८० मा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक
सार्वजनिक सुनुवाइ
१६ बैशाख २०८०
गेरुवा गा.पा. ५ पशुपतिनगर, बर्दिया

- ❖ गेरुवा गाउँपालिकाद्वारा सेवा प्रदायकहरुको काम कारबाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच अन्तरक्रिया गराउने ।
- ❖ सेवाग्राही प्रति सेवाप्रदायक तथा निर्वाचित जनप्रतिनिधिहरुलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- ❖ आगामि दिनहरुमा सेवा सुधारको लागि मार्ग निर्देशन गर्ने ।
- ❖ सूचनाको हकको प्रत्याभूति गराउने ।

**आयोजक :** गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर, बर्दिया

**सहजीकरण :** गेरुवा मल्टिमिडिया एण्ड रिसर्च प्रा.लि. गेरुवा, बर्दिया

**कार्यक्रम विवरण**
मिति : १६ चैत्र २०८० (शनिवार)
स्थान : गेरुवा गाउँपालिकाको कार्यालयको सभाहल
समय : दिनको १२:१५ वजेदेखि ४ :३० बजेसम्म (४ घण्टा १५ मिनेट)

**(पहिलो सत्र-परिचय खण्ड)**

**१. संचालनः-** पुष्कर काफ्ले

**२. जवाफदेही वक्ताहरु**

- ❖ गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह केसी
- ❖ गेरुवा गाउँपालिकाका उपाध्यक्ष श्री लक्ष्मी कुमारी चौधरी
- ❖ गेरुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बस बहादुर राना
- ❖ गेरुवा गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष श्री कर्म प्रसाद चौधरी
- ❖ गेरुवा गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष श्री कृष्ण थारु
- ❖ गेरुवा गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री निर्मल चौधरी
- ❖ गेरुवा गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री महेन्द्र प्रसाद चौधरी
- ❖ गेरुवा गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री धर्म प्रकाश चौधरी
- ❖ गेरुवा गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री कृष्ण गोपाल चौधरी

**शाखा प्रमुखहरु**

- ❖ शिक्षा शाखा प्रमुख श्री नवराज अधिकारी
- ❖ स्वास्थ्य शाखा प्रमुख श्री नारायण भण्डारी
- ❖ प्राविधिक शाखा प्रमुख श्री टंक रोकाया
- ❖ कृषि शाखा प्रमुख श्री दिनेश दुनाबठुवा
- ❖ पशु शाखा प्रमुख श्री उमेश चौधरी

**३. अतिथि तथा संचारकर्मीहरु**

- ❖ नेपाली कांग्रेस गेरुवाका सभापति श्री प्रेम बहादुर रावल
- ❖ नेकपा एमाले गेरुवाका इन्चार्ज श्री भरत धामी
- ❖ नेकपा माओवादी केन्द्र गेरुवाका अध्यक्ष दयाराम वैद्य
- ❖ राष्ट्रिय स्वतन्त्र पार्टी गेरुवाका अध्यक्ष डिल्ली शर्मा
- ❖ नेकपा एकिकृत समाजवादी गेरुवाका अध्यक्ष छल्लुराम थारु
- ❖ नागरिक उन्मूक्ति पार्टीका लुम्बिनी प्रदेश कमिटी सदस्य मोहन डिसी
- ❖ नेपाल रेडक्रस सोसाईटी गेरुवा उपशाखाका सभापति नरेन्द्र प्रसाद पाण्डे
- ❖ नेपाल शिक्षक महासंघ गेरुवाका अध्यक्ष नारायण पौडेल
- ❖ ग्यालेक्सी फोरके टेलिभिजनका बर्दिया संवाददाता ऋषि वाग्ले
- ❖ कृष्णसार अनलाईनका संवाददाता राज बहादुर क्षेत्री
- ❖ प्रहरी चौकी पथरैयाका प्रमुख भरत बहादुर सारु

निमन्त्रणा स्वीकार गरेर उपस्थित सबै वडा अध्यक्षहरु सहित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विभिन्न गैर सरकारी संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजिवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगाएत कार्यक्रममा उपस्थित सबैलाई यथास्थानमा आसन ग्रहणको लागि अनुरोध ।

४.कार्यक्रममा स्वागत सहित कार्यहरुको बारेमा जानकारी :- गेरुवा गाउँपालिकाका उपाध्यक्ष श्री लक्ष्मी कुमारी चौधरी

५. आचार संहिता प्रस्तुत (कार्यक्रमभर लागू हुने गरी : संचालक

६. जवाफदेही वक्ताहरु

**क) वडाअध्यक्षहरुलाई**

- ❖ वडामा भएका उल्लेखनीय ३ वटा कामहरु ।
- ❖ चाहँदा चाहँदै गर्न नसकेको ३ वटा कामहरु ।

**ख) प्रमुख प्रशासकीय अधिकृत श्री बस बहादुर राना**

- ❖ आ.व २०७९/८० को अवधिमा गाउँपालिकामा भएको आय, व्याय तथा समग्र प्रगतीको अवस्थाको जानकारी ।

**(दोस्रो सत्र -प्रश्नोत्तर खण्ड)**

(समग्र नगरपालिकाको सेवा प्रवाह तथा विकास निर्माणका सन्दर्भमा जिज्ञासा र जिम्मेवार जवाफदेही बक्ताबाट स्पष्ट)

७. कार्यक्रमप्रति प्रतिक्रिया

- ❖ नेपाली काँग्रेस गाउँ कार्य समिति गेरुवाका सभापति श्री प्रेम बहादुर रावल
- ❖ नेकपा एमाले गेरुवा इन्चार्ज श्री भरत धामी
- ❖ राष्ट्रिय स्वतन्त्र पार्टी गेरुवाका अध्यक्ष डिल्ली शर्मा
- ❖ नागरिक उन्मूक्ति पार्टीका लुम्बिनी प्रदेश कमिटी सदस्य मोहन डिसी

**८. धन्यवाद सहित समापन :** गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह केसी

९. प्रतिबद्धता तयारी तथा हस्ताक्षर

***चिया, खाजा***